**NMB BANK LIMITED**
**एनएमबि बैंक लिमिटेड**

Photo
(फोटो)

# Application Form for Internet Banking
# (ईन्टरनेट बैंकिङ निवेदन फाराम)

## Personal Details:
(व्यक्तिगत विवरण)

Applicant's Full Name: (IN BLOCK LETTERS) (निवेदकको पुरा नाम)

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | |

Email Address: ____________________
(इमेल ठेगाना)

Mailing Address: ____________________
(पत्राचार ठेगाना)

House No. : ____________________ Ward No. : ____________________
(घर नं.) (वडा नं.)

VDC/Municipality : ____________________ Street/Tole : ____________________
(गा.वि.स./नगरपालिका) (गल्ली/टोल)

District : ____________________ Zone : ____________________
(जिल्ला) (अञ्चल)

## Telephone Numbers: ____________________
(टेलिफोन नं.)

Residence : ____________________ Office : ____________________
(आवास) (अफिस)

Mobile No. : ____________________ Mobile Service Provider : ____________________
(मोबाइल) (मोबाइल सेवा प्रदायक)

## Account Details:
(खाता विवरण)

Account Type : ☐ Personal (व्यक्तिगत) ☐ Joint (संयुक्त/सामूहिक) ☐ Company (कम्पनी)
(खाता प्रकार)

Account No. : ☐☐☐☐☐☐☐☐☐☐☐☐ ☐☐☐☐☐☐☐☐☐☐☐☐
(खाता नं.)

## Requested Fund Transfer Limits (For corporate only):
(अनुरोध गरिएको कोष स्थानान्तरण सिमा)

Per Transactions NPR: ____________________ Per Day NPR: ____________________
(प्रत्येक कारोबारको ने.रू) (प्रतिदिन ने.रू)

Preferred ID: ____________________ (Subject to the availability)
(चाहिएको परिचय पत्र) (सम्भव भए सम्म)

## Facilities: (सुविधा)

**Enquiry** (सोधपुछ)
- ☐ Account Information
- ☐ Account Statement
- ☐ Tax Statement
- ☐ Interest Statement

**Requests** (अनुरोध)
- ☐ Cheque Book Order
- ☐ Demand Draft Order

**Act Now** (कार्यान्वयन)
- ☐ Good for Payment
- ☐ Stop Cheque
- ☐ Withdraw Notice
- ☐ Balance Transfer
- ☐ Third Party Transfer
- ☐ Utility / Bill Payment

## Mandate (समादेश)

By signing below I/we hereby apply for the NMB Bank Limited- Internet Banking (IB) service as may be made available to me/us by the Bank from time to time. Further, I/we acknowledge that the use of Internet Banking service shall be governed by the Bank's prevailing Internet Banking terms and conditions mentioned herein and I/we declare that I/we have read and fully understood the said terms and conditions and accept the same.

Subject to the Banks prevailing terms governing the use of service, I/we hereby authorize the Bank to execute any instructions received through the use of my/our User ID/Customer Code.

I/we further agree to keep the Bank indemnified against all the actions, proceedings, liabilities and claims, damages, cost and expenses in relation to or arising out of the Bank so accepting my/Our request and transmitting statements and information through email.The Bank does not warrant against any external factors affecting the privacy and/or security of emails during internet transmission. I/We also hereby agree to debit my/our account maintained with the Bank for all fees and charges, which the Bank may impose from time to time in connection with the service in the manner stipulated by the Bank. The Bank may add to, discontinue, or vary any of the services from time to time.
I/We hereby declare that the information provided by me/us is true, correct and complete in all aspects. In case of misrepresentation and/or the information provided is proved to be wrong I/we accept the full responsibility of all consequences.

तल उल्लेखित स्थानमा दस्तखत गरी बैंकद्धारा समय समयमा म/हामीलाई उपलब्ध हुने एनएमबि बैंक ईन्टरनेट बैंकिङ्ग सेवाका लागि दरखास्त पेश गरेको छु/छौं। साथै, मैले/हामीले प्रयोग गर्ने ईन्टरनेट बैंकिङ्ग सेवा यसमा उल्लेखित बैंकको प्रचलित ईन्टरनेट बैंकिङ्ग सम्बन्धी शर्तहरुद्धारा निर्देशित हुने कुरालाई पनि स्वीकार गरी उल्लेखित शर्तहरू पढी पूर्ण रुपमा बुझी स्वीकार गरेको घोषणा गर्दछु/गर्दछौं।

सेवा प्रयोग सम्बन्धी बैंकको प्रचलित शर्तहरूको अधीनमा रही मेरो/हाम्रो प्रयोगकर्ता परिचय/ग्राहक सङ्केतबाट ग्रहण गरिएका कुनै पनि निर्देशन कार्यान्वयन गर्न बैंकलाई अख्तियारी प्रदान गरेको छु/छौं।

बैंकले मेरो/हाम्रो अनुरोध स्वीकार गरेको र ईमेलका माध्यमबाट प्रेषित गरेको खाता विवरण तथा जानकारीसँग सम्बन्धित सबै कारवाही, प्रक्रिया, उत्तरदायित्व तथा दावी, क्षति, लागत र खर्चबाट बैंकलाई सुरक्षित राख्न समेत सहमत छु/छौं। बैंकले ईन्टरनेट प्रसारणका क्रममा ईमेलको गोपनीयता र/वा सुरक्षालाई असर पार्ने कुनै बाह्य कारकतत्वहरू विरुद्ध कुनै प्रत्याभूति नगर्ने कुरामा मेरो/हाम्रो स्वीकारोक्ती रहेको छ। बैंकले लेखिए बमोजिम तोक्न सक्ने सेवासँग सम्बन्धित सबै शुल्क र दैदस्तुरहरू मेरो/हाम्रो नाममा खोलिएको बैंक खातामा खर्च लेख्नसमेत म/हामी सहमत छु/छौं। बैंकले समय समयमा कुनै सेवा थप गर्न, विच्छेद गर्न र परिवर्तन गर्न सक्ने कुरामा मेरो/हाम्रो सहमति रहेको छ।

मैले/हामीले बैंकलाई उपलब्ध गराएको जानकारी ठिक साँचो र पूर्ण भएको घोषणा गर्दछु/गर्दछौं। झुठा विवरण दिइएको वा दिइएको जानकारी गलत भएको प्रमाणित भएको स्थितिमा सोबाट उत्पन्न सबै परिणामप्रति मेरो/हाम्रो जिम्मेवारी रहेने कुरामा मेरो/हाम्रो मञ्जुरी रहेको छ।

Applicant Name:
(दरखास्तवालाको नाम)

Date:
(मिति)

Signature/s:
(दस्तखत)

Signature's / verified by: ____________________
(दस्तखत प्रमाणित गर्ने)

### For Bank Use Only (बैंक प्रयोगका लागि मात्र)

| | |
|---|---|
| Verified by (प्रमाणित गर्ने) | : |
| Date (मिति) | : |
| Recommended by (सिफारिश गर्ने) | : |
| Date (मिति) | : |
| Application approved by (दरखास्त अनुमोदन गर्ने) | : |
| Date (मिति) | : |
| Assigned Customer ID (प्रदान गरिएको ग्राहक परिचय) | : |

# NMB Bank Limited - Internet Banking Service Terms and Conditions
## एनएमबि ईन्टरनेट बैंकिङ्ग सेवा शर्तहरू

NMB Bank Limited (hereinafter referred as 'the Bank') shall provide NMB Internet Banking for fast and effective Internet Banking service to its customers and their convenience subject to Terms and Conditions set out herein, Internet Banking Services (IBS) through the Bank's website www.nmb.com.np. THE FOLLOWING TERMS AND CONDITIONS APPLY FOR THE ACCESS TO THE SERVICES PROVIDED HEREIN. This Agreement is a contract which establishes the rules covering your electronic access to your accounts at NMB BANK LIMITED through the Internet Banking System (IBS). By using the IBS, you accept and are bound by all the terms and conditions of this Agreement. Please read these terms and conditions carefully.

एनएमबि बैंक लिमिटेड (यसपछि बैंक भनिएको) ले आफ्ना ग्राहकहरू र निजहरूको सुविधाका लागि तीब्र र प्रभावकारी ईन्टरनेट बैंकिङ्ग सेवा दिन यसमा उल्लेखित शर्तहरूको अधीनमा रहने गरी बैंकको वेवसाइट www.nmb.com.np मार्फत एनएमबि ईन्टरनेट बैंकिङ्ग सेवा उपलब्ध गराउनेछ । यसमा उपलब्ध गराइने सेवासम्म पहुँचका लागि देहायका शर्तहरू लागू हुनेछन् । यो सम्झौतापत्र एउटा करारनामा हो जस्ले एनएमबि ईन्टरनेट बैंकिङ्ग सेवा (आईविएस) मार्फत तपाईको एनएमबि बैंक लिमिटेडमा रहेको खातासम्म तपाईको विद्युतीय पहुँचसम्बन्धी नियमहरूलाई व्यवस्थित गर्नेछ । आईविएसको प्रयोग गर्दा तपाईले यो सम्झौतापत्रका सबै शर्तहरू स्वीकार गर्नुहुनेछ र यी शर्तहरू तपाईका लागि बाध्यात्मक हुनेछन् । कृपया यी शर्तहरू सावधानीपूर्वक पढ्नुहोला ।

### Definitions:
As used in this Agreement, the word "the Bank" refers to NMB Bank Ltd. "Customer" refers to the accountholder authorized by the Bank to use the NMB Internet Banking) under this Agreement and anyone else authorized person by that accountholder to exercise control over the accountholder's funds through the System. "Account" or "Accounts" means Customer accounts maintained with the Bank.

**परिभाषा**

यो सम्झौतापत्रमा प्रयुक्त "बैंक" शब्दले एनएमबि बैंकलाई जनाउनेछ । "ग्राहक" शब्दले यस सम्झौतापत्र अर्न्तगत बैंकबाट एनएमबि ईन्टरनेट बैंकिङ्ग प्रयोग गर्ने अख्तियारी पाएका खातावाला र यस प्रणालीद्वारा खातावालाको रकममा नियन्त्रण गर्न खातावालाले अख्तियारी दिएको कुनै पनि व्यक्तिलाई जनाउनेछ । "खाता" वा "खाताहरू" भन्नाले ग्राहकले बैंकमा खोलेको खातालाई जनाउनेछ ।

### Application to Subscribe to the Internet Banking Service:
To apply for the NMB IBS, the Customer must have at least one account at the Bank & an access to Internet service. The Customer will have access to predefined account types and services only as defined in the application form.

**ईन्टरनेट बैंकिङ्ग सेवा हासिल गर्न दरखास्त**

एनएमबि आईविएसका लागि दरखास्त दिने ग्राहकको बैंकमा कम्तीमा एउटा खाता र ईन्टरनेट सेवा सम्म पहुँच हुनुपर्नेछ । ग्राहकलाई दरखास्त फाराममा परिभाषित गरिएबमोजिम पूर्व निर्धारित प्रकारको खाता र सेवासम्म पहुँच प्राप्त हुनेछ ।

### Accessing Your Accounts:
The Customer may access their accounts by using a Customer Code/User ID and Initial Password/Personal Identification Number (PIN) provided by the Bank. For the first logon to the system, the Customer is required to change the initial passwords (PIN) meeting the password requirements for security reasons. Customer should keep their PIN in a secure location. Any person having access to their NMB Internet Banking PIN will be able to access the system and perform all transactions, including reviewing account information and making transfers to other accounts. Therefore customers are liable for all transactions made or authorized using their password. The Customer must keep their customer code & password confidential and under no circumstances should disclose to any other person. In case the Customer forgets the password, request for the issue of new password could be applied in the written form.

Once the Customer is logged on to the System, s/he should not leave the terminal or let anyone to have access to the internet until s/he has logged off/signed-out from the System. The Customer is responsible for ensuring that s/he has logged off the service at the end of each session.

**खातासम्म पहुँच**

ग्राहकले बैंकले उपलब्ध गराएको ग्राहक सङ्केत/प्रयोगकर्ता पहिचान र प्रारम्भिक गोप्य शब्द/व्यक्तिगत पहिचान संख्या (पिन) प्रयोग गरी आफ्नो खातासम्म पहुँच प्राप्त गर्न सक्नेछ । ग्राहकले पहिलो पटक प्रणालीमा प्रवेश गर्दा सुरक्षाका कारणले आवश्यक गोप्य शब्द हासिल गर्न प्रारम्भिक गोप्य शब्द (पिन) परिवर्तन गर्नु आवश्यक हुनेछ । ग्राहकको एनएमबि ईन्टरनेट बैंकिङ्ग पिनसम्म पहुँच हासिल गर्ने कुनै पनि व्यक्तिले प्रणालीमा पहुँच पाउनेछ र खाता विवरण अवलोकन गर्ने र अन्य खातामा रकम रकमान्तर गर्ने लगायत सबै कारोबार गर्न सक्ने हुँदा ग्राहकले आफ्नो पिन सुरक्षित स्थानमा राख्नुपर्नेछ । तसर्थ आफ्नो गोप्य शब्द प्रयोग गरी भएको वा अख्तियारी दिए बमोजिम भएको सबै कारोबारका लागि ग्राहक स्वयं जिम्मेवार हुनेछ । ग्राहकले आफ्नो ग्राहक सङ्केत तथा गोप्य शब्द गोप्य राख्नु पर्नेछ र कुनै पनि अन्य व्यक्तिलाई कुनै पनि अवस्थामा प्रकट गर्नुहुँदैन । ग्राहकले गोप्य शब्द बिर्सेको स्थितिमा नयाँ गोप्य शब्द पाउनका लागि लिखित रूपमा निवेदन दिन सक्नेछ ।
एकपटक प्रणालीमा प्रवेश गरेपछि आफु प्रणालीबाट बाहिर नआएसम्म कम्प्यूटर स्थल छोड्न वा इन्टरनेटसम्म कसैलाई पहुँच दिनुहुँदैन । प्रत्येक सत्रको अन्त्यमा सेवाबाहिर आएको कुरा सुनिश्चित गर्नु ग्राहकको जिम्मेवारी हुनेछ ।

### Internet Banking Services:
When the Bank introduces new services under the IBS, the Bank may provide them on such supplementary terms notified to you. The Customer should agree that the Bank has the absolute right to add, suspend, limit, withdraw, cancel or vary any transactions, facilities, services and products that could be accessed by the Customer through the IBS and the scope and/or extent of such transactions, facilities, services and products.

**ईन्टरनेट बैंकिङ्गसेवा**

आईविएस अर्न्तगत बैंकले नयाँ सेवा उपलब्ध गराउँदा बैंकले तपाईलाई पूरक शर्तका सोबारे सूचित गर्न सक्नेछ । आईविएसमार्फत ग्राहकले पहुँच हासिल गर्ने कुनै पनि कारोबार, सुविधा, सेवा र उत्पादनहरू र त्यस्ता कारोबार, सुविधा, सेवा र उत्पादनको क्षेत्र र/वा विस्तार थप गर्ने, निलम्बन गर्ने, सीमित गर्ने, फिर्ता गर्ने, खारेज गर्ने वा परिवर्तन गर्ने बैंकको पूर्ण अधिकार भएको कुरामा ग्राहक सहमत हुनुपर्नेछ ।

## Authorization:

The Customer hereby authorize the Bank to comply with all Instruction(s) given in respect of the IBS accessed using your Username and Password as Instruction(s) properly authorized by them even if they may conflict with any other mandate given at any time concerning your Accounts or affairs. The Customer agrees that such Instruction(s) shall be binding on them self upon its transmission to the Bank and the Instructions cannot be changed or withdrawn without the Bank's consent and that the Bank is not further obliged to check the authenticity of such Instruction(s).

### अख्तियारी

ग्राहकको खाता वा सरोकारसँग सम्बन्धित कुनै समयमा दिइएको अन्य कुनै समादेशसँग बाझिएको अवस्थामा समेत प्रयोगकर्ताको नाम र गोप्य शब्द प्रयोग गरी दिइएका IBS सम्बन्धित सबै निर्देशनहरूलाई ग्राहकले समुचित ढङ्गले अख्तियारीपूर्वक दिएको निर्देशनका रूपमा पालना गर्न बैंकलाई ग्राहकले अख्तियारी दिनेछ। यस्ता निर्देशनहरू बैंकसमक्ष प्रेषित गरिएको अवस्थामा यी निर्देशनहरू ग्राहकका लागि बाध्यकारी हुने कुरामा ग्राहक मन्जुर गर्दछ र बैंकको सहमति बिना यी निर्देशनहरू परिवर्तन गर्न वा फिर्ता लिन सकिनेछैन र बैंकमा यस्ता निर्देशनको आधिकारिकता जाँचबुझ गर्ने दायित्व रहनेछैन।

## Instructions:

The Customer hereby agrees that it is their responsibility to review the Transaction Record pertaining to any IBS transaction initiated on their Instruction. Any Instructions to the Bank for cancellation, revocation, reversal or amendment or clarification of their earlier Instructions, can only be effected, if their request is received and effected before the earlier Instruction is executed. The Bank reserves the right at its sole discretion, to refuse to carry out any of the Customer Instructions where they are inconsistent with the Bank's policy or laws or for any other reasons whatsoever.

The Customer should provide accurate and complete details as required by the Bank for any Instructions to the Bank to effect transactions in relation to the IBS.

### निर्देशन

आफ्नो निर्देशनबाट भएका कुनै पनि आईविएस कारोबारसँग सम्बन्धित कारोबार अभिलेखको अवलोकन गर्ने आफ्नो जिम्मेवारीलाई ग्राहक स्वीकार गर्दछ। ग्राहकले दिएको पूर्व निर्देशन खारेज, फिर्ता, वा संशोधन वा स्पष्ट गर्नु पर्दा पूर्व निर्देशन कार्यान्वयन गर्नु भन्दा अगावै ग्राहकको तत्सम्बन्धी अनुरोध प्राप्त भएमा मात्र सो कार्य गर्न सकिनेछ। बैंकको नीति नियम वा प्रचलित कानूनसंग बाझिएमा वा अन्य कुनै कारण परेमा बैंकलाई आफ्नो स्वविवेकमा त्यस्तो निर्देशन कार्यान्वयन गर्न इन्कार गर्ने अधिकार हुनेछ। ग्राहकले आईविएससँग सम्बन्धित कारोबारलाई असर पर्ने कुनै निर्देशन बैंकलाई दिदाँ बैंकलाई आवश्यक पर्ने विवरणहरू सही र पूर्ण रूपमा उपलब्ध गराउनुपर्नेछ।

## Service Availability:

The IBS are intended to be available 7 days a week, 24 hours a day but there is no warranty that the same will be available at all times like routine maintenance requirements, excess demands and circumstances beyond the Bank control. The Bank will use reasonable efforts to inform you of any or all services under the IBS which are not available from time to time.

### सेवा उपलब्धता

आईविएस सेवा सातामा सातै दिन र दिनको २४सै घण्टा उपलब्ध गराउने लक्ष्य लिइएता पनि नियमित मर्मत सम्भार, अत्यधिक माग र बैंकको काबु बाहिरको परिस्थितिका कारण सबै समयमा उपलब्ध हुने प्रत्याभूति गरिदैन। आईविएस अर्न्तगतका कुनै वा सबै सेवा समय समयमा उपलब्ध हुन नसकेमा बैंकले सो बारे जानकारी गराउन मनासिब प्रयास गर्नेछ।

## Limits on Amounts and Frequency of Transactions:

The number of transfers from the Customer's accounts and the amounts, which may be transferred, are limited pursuant to the terms of the applicable deposit agreement and disclosure for those accounts. The limits for particular account types may vary and change at any time by the bank.

### रकमको सीमा र कारोबारको पुनरावृत्ति

ग्राहकको खाताबाट हुने रकमान्तरणको संख्या र रकमान्तरण हुने रकम ती खातासँग सम्बन्धित निक्षेप सम्झौताका शर्त वा उद्घोषण बमोजिम सीमित हुनेछ। बैंकले निश्चित खाताको प्रकारका लागि यस्तो सीमा कुनै पनि समयमा थपघट र परिवर्तन गर्न सक्नेछ।

## Fund Transfer:

Transfer of funds to either customers own Account or an account predefined Account mentioned in the application form which is maintained with the Bank, will be transacted and received by the payee immediately. Fund Transfer Instructions shall be subject to such limits and conditions as imposed and/or revised by the Bank or relevant authorities at their absolute discretion from time to time. For the avoidance of doubt, this Fund Transfer service shall be available for the transfer of funds to account under the Customer code or the accounts of third parties with the Bank. The Customer shall not use or attempt to use system for funds transfer without checking their availability balance in their account and it should be with the limit as defined by the Bank.

### रकमान्तरण

खातावालाको आफ्नै खाता वा दरखास्त फाराममा उल्लेखित बैंकमा खोलिएको पूर्व निर्दिष्ट खातामा गरिएको रकमान्तरण भुक्तानी पाउनेले तत्काल भुक्तानी पाउनेछ। रकमान्तरण निर्देशन बैंक वा सम्बन्धित निकायले आफ्नो स्वविवेकमा समय समयमा लागू गरेको र/वा परिमार्जन गरेको सीमा र शर्तका अधीनमा रही जारी हुनेछ। द्विविधा निवारण हेतु यो रकमान्तरण सेवा ग्राहक सङ्केत अर्न्तगतको खाता वा बैंकमा रहेको तेस्रो पक्षको खातामा गरिने रकमान्तरणका लागि उपलब्ध हुनेछ। ग्राहकले आफ्नो खातामा रकम रहेनरहेको जाँच नगरी रकमान्तरणका लागि सेवा प्रयोग गर्न वा गर्ने प्रयास गर्नु हुँदैन र यस्तो रकमान्तरण बैंकले तोकेको सीमा अनुरूप हुनुपर्नेछ।

## Limitation/Disclaimer of the Bank

1. The Bank will take reasonable steps to ensure that our system in connection with service available to you, and manage the risk in operating the systems.
2. The Bank will not be responsible for failure to provide access or for interruptions in access to IBS due to a system failure or due to other unforeseen acts or circumstances.
3. The Bank will not be responsible for any errors or failures from any malfunction of customer computer or any computer virus or other problems related to their computer equipment used with the system.
4. The Bank is not responsible for any error, damages or other losses that customer may suffer due to the malfunction or misapplications of any system they use, including browser, Internet Service Provider (ISP), or other software or any equipment (including telecommunications facilities, computer hardware and modem) used to access or communicate with NMB Internet Banking system.
5. The Bank reserves all the rights to determine and change from time to time the scope, timing and type of the Services to be made available.
6. The User must be a customer of the Bank and maintain an account at a branch of the Bank.
7. By registering to use the Services, the Customer irrevocably agrees, confirm that all information provided by the Customer to the Bank in relation to the Services is true, complete, relevant and up-to-date.
8. The Services are for the sole and exclusive use by the Customer authorized to do so by the Bank.
9. The Customer shall not knowingly allow any other person to use the Services; the Bank will not be liable for any of the transactions allegedly performed by a third party.
10. Any exchange rate, interest rate, dealing rate and other prices and information quoted by the Bank on the Internet Site or otherwise in response to an online inquiry is for reference only and is not binding.
11. The Customer acknowledges that there may be a time lag in transmission of instructions, information or communication via Internet for which the Bank shall not be held liable.
12. The Customer shall follow the guidance provided by the Bank online in designating the user code (the 'User Name') and the password PIN for identifying the Customer for the purposes of the Services.
13. The Customer may change the Password at any time. The User ID/customer code Name however, cannot be changed by the Customer.
14. Customer must keep user name and related password confidential. At no time and under no circumstances shall the Customer disclose the User Name and/or the Password to any other person.
15. The Customer shall be fully responsible for any negligence and/or unauthorized disclosure of the User Name and/or the Password to any other person and shall bear the risks of the User Name and/or the Password being used by unauthorized persons.
16. The Bank will only act on an instruction in so far as it is in the Bank's opinion practicable and reasonable to do so and in accordance with its regular business practices and procedures.
17. Information relating to any account or transaction made available to the Internet Site is for reference only. The Bank's records of such account and transaction shall be conclusive unless and until the contrary is established.
18. The Bank shall not be liable for any computer/cyber crimes such as hacking etc. and shall not be liable for any authorized transactions and/or any transactions carried out by using illegal and fraudulent methods.

## बैंकको सीमा/इन्कारी

१. बैंकले सेवासँग सम्बन्धित आफ्नो प्रणाली तपाईलाई उपलब्ध हुने सुनिश्चितताका लागि मनासिब प्रयत्न गर्नेछ र प्रणाली सञ्चालनमा आई पर्ने जोखिम व्यवस्थापन गर्नेछ ।
२. प्रणालीगत असफलता वा अन्य पूर्वानुमान नगरिएका कार्य वा परिस्थितिका कारण आईविएससम्म पहुँच प्रदान गर्न नसकेमा वा पहुँचमा अवरोध आएमा त्यस्का लागि बैंक जिम्मेवार हुनेछैन ।
३. ग्राहकको कम्प्यूटरमा भएको कुनै गडबडी, कुनै कम्प्यूटर भाइरस वा प्रणालीका लागि प्रयोग गरिएका कम्प्यूटर सामाग्रीमा भएको अन्य समस्याका कारण भएको गल्ती वा असफलताका लागि बैंक जिम्मेवार हुनेछैन ।
४. ग्राहकले आफुले एनएमबि ईन्टरनेट बैंकिङ्ग प्रणालीसँग पहुँच वा संचारका लागि प्रयोग गरेको कुनै प्रणालीमा भएको गडबडी वा ब्राउजर, ईन्टरनेट सेवा प्रदायक (आईपिएस) वा अन्य सफ्टवेयर वा अन्य उपकरण (दूरसंचार सुविधा, कम्प्यूटर हार्डवेयर र मोडेमसमेत) एप्लिकेशनको गलत प्रयोगका कारण भोग्नु परेका कुनै गल्ती, हानि वा अन्य नोक्सानीका लागि बैंक जिम्मेवार हुनेछैन ।
५. बैंकलाई उपलब्ध हुने सेवाका प्रकार, क्षेत्र र समय निर्धारण गर्ने र समय समयमा परिवर्तन गर्ने सबै अधिकार प्राप्त हुनेछ ।
६. प्रयोगकर्ता बैंकको ग्राहक हुनुपर्नेछ र निजले बैंकको कुनै शाखामा खाता खोलेको हुनुपर्नेछ ।
७. सेवा प्रयोगका लागि दर्ता गरी ग्राहकले आफुले बैंकलाई उपलब्ध गराएको सेवासँग सम्बन्धित सबै जानकारी अपरिवर्तनीय रुपमा सही, पूर्ण, सम्बद्ध र अद्यावधिक भएको सुनिश्चित गर्दछ ।
८. बैंकले अधिकार दिए बमोजिम एकल र पूर्ण रुपमा प्रयोग गर्नका लागि सेवा उपलब्ध गराइनेछ ।
९. ग्राहकले जानी जानी अन्य कुनै व्यक्तिलाई सेवा प्रयोग गर्ने अनुमति दिनुहुँदैन । तेस्रो पक्षले कथित रुपमा गरेको कुनै पनि कारोबारका लागि बैंक जिम्मेवार हुनेछैन ।
१०. इन्टरनेट साइटमा वा अनलाइन सोधपूछका लागि बैंकले उल्लेख गरेको कुनै पनि विनिमय दर, व्याज दर, कारोबार दर र अन्य मूल्य तथा जानकारी केवल सन्दर्भका लागि मात्र उल्लेख गरिएकोले बाध्यात्मक हुनेछैन ।
११. इन्टरनेटबाट हुने निर्देशन, जानकारी वा संचार सम्प्रेषणमा ढिलाई हुन सक्ने कुरालाई ग्राहक स्वीकार्दछ र यस्तो ढिलाईका लागि बैंक जिम्मेवार हुनेछैन ।
१२. सेवाको प्रयोजनका लागि ग्राहक पहिचान गर्न अनलाईनमा प्रयोगकर्ता सङ्केत (प्रयोगकर्ता नाम) र गोप्य शब्द तोक्ने सम्बन्धमा बैंकले प्रदान गरेका निर्देशिकालाई ग्राहकले अवलम्बन गर्नुपर्नेछ ।
१३. ग्राहकले कुनै पनि समय गोप्य शब्द परिवर्तन गर्न सक्नेछ । तर ग्राहकले प्रयोगकर्ता पहिचान/ग्राहक सङ्केत परिवर्तन गर्न सक्ने छैन ।
१४. ग्राहकले प्रयोगकर्ता नाम र सम्बन्धित गोप्य शब्द गोप्य राख्नुपर्नेछ । कुनै पनि समय र परिस्थितिमा ग्राहकले प्रयोगकर्ता नाम र/वा गोप्य शब्द कुनै अन्य व्यक्तिसमक्ष प्रकट गर्न हुँदैन ।
१५. ग्राहक कुनै पनि लापरवाही र/वा प्रयोगकर्ता नाम र/वा गोप्य शब्द कुनै अन्य व्यक्तिसमक्ष अनधिकृत प्रकटीकरणका लागि पूर्ण जिम्मेवार हुनेछ र अनधिकृत व्यक्तिले प्रयोग गरेको प्रयोगकर्ता नाम र/वा गोप्य शब्दको जोखिम बहन गर्नेछ ।
१६. बैंकले कुनै पनि निर्देशन कार्यान्वयन गर्न बैंकको विचारमा व्यावहारिक एवं मनासिब देखिएमा मात्र आफ्नो नियमित व्यावसायिक अभ्यास तथा कार्यविधि बमोजिम सोको कार्यान्वयन गर्नेछ ।
१७. कुनै खाता वा कारोबारका सम्बन्धमा ईन्टरनेट साइटमा उपलब्ध जानकारी केवल सन्दर्भ मात्र हुन्छ । कुनै विरोधाभाष उत्पन्न भएमा त्यस्तो खाता वा कारोबारसम्बन्धी बैंकको अभिलेख नै निर्णायक हुनेछ ।
१८. बैंक ह्याकिङ्ग जस्ता कुनै कम्प्यूटर/साइबर अपराधका लागि जिम्मेवार हुनेछैन र कुनै पनि अनधिकृत कारोबार र/वा गैरकानूनी र जालसाजीपूर्ण उपायद्वारा गरिएका कुनै पनि कारोबारका लागि जिम्मेवार हुनेछैन ।

### Termination of Services:

The Customer may terminate NMB Internet Banking at any time by giving the prior written notice to the Bank. The services will be cancelled within 7 (seven) days from the date of the Bank's receipt of the notice of termination and customer would agree the a the Bank shall not be obliged to effect any of their Instructions received on any day failing after the receipt of your notice of termination.
The Bank reserves the right to terminate the IBS for any reasons whatsoever, provided the Bank gives 30 days prior notice.

### Indemnity:

The Customer hereby agree to indemnify and keep the Bank indemnified from and against any and all claims, losses, liabilities, cost and expenses (including but not limited to any legal fees) arising directly or indirectly or which may arise out of their breach or violation of these Terms and Conditions or any third party rights or your use or purported use of the IBS or due to the delay and/or failure of such IBS.

### Notices:

The Bank may send notices to the Customer in the address provided by them with bank account whereas the Customer may use e-mail to contact us about inquiries, maintenance, and/or some problem resolution issues. E-mail may not be a secure method of communication. We therefore recommend that you do not send confidential personal or financial information by e-mail.

### Ownership of Website:

The content, information and offerings on the Bank website are owned by the Bank, and the unauthorized use, reproduction, linking or distribution of any portions is strictly prohibited.

### Variations of Terms and Conditions:

The Bank reserves the right to add, modify, delete or vary any of these terms and conditions by way of notice as deemed suitable by the Bank.
The Customer agree to view these Terms and Conditions regularly and their continued access or use of the IBS after any such additions, modifications, deletions or variations become effective will constitute your acceptance to the variation of these Terms and Conditions.

### Law and Jurisdiction:

The Terms and Conditions will be governed by the prevailing Laws of Nepal and all disputes shall be resolved by the Court of Nepal.

**सेवाको समाप्ति**

ग्राहकले बैंकलाई पूर्व लिखित सूचना दिई कुनै पनि समयमा एनएमबि ईन्टरनेट बैंकिङ्ग सेवा अन्त्य गर्न
सक्नेछ। सेवा अन्त्यको सूचना बैंकले पाएको मितिले सात दिनभित्र सेवा कटौती गरिनेछ र यसरी सेवा अन्त्यको सूचना प्राप्त भएपछि कुनै पनि दिनमा प्राप्त ग्राहकको निर्देशन कार्यान्वयन गर्ने दायित्व बैंकमा नरहने कुरा ग्राहकलाई स्वीकार्य छ। बैंकलाई कुनै पनि कारणबश आईबिएस अन्त्य गर्ने अधिकार हुनेछ तर सो सम्बन्धमा बैंकले ३० दिन अगावै पूर्व सूचना दिनेछ।

**सुरक्षा**

प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उत्पन्न वा ग्राहकले यी शर्तहरू उल्लंघन गरेको वा सो विपरित कुनै कार्य गरेको कारण वा तेस्रो पक्षको अधिकारका कारण वा ग्राहकले आईबिएस प्रयोग गरेको वा अभिप्रायगत प्रयोग गरेको कारण वा आईबिएसको ढिलाई र/वा असफलताका कारण उत्पन्न कुनै वा सबै दावी, हानि, उत्तरदायित्व, लागत र खर्च (कुनै कानूनी शुल्कसमेत) बाट र सो विरुद्ध बैंकलाई सुरक्षित राख्न ग्राहक कबूल गर्दछ।

**सूचना**

ग्राहकले बैंकमा खाता खोल्दा उपलब्ध गराएको ठेगानामा बैंकले सूचना पठाउन सक्नेछ। ग्राहकले सोधपूछ, मर्मत सम्भार र/वा समस्या समाधान सम्बन्धी विषयमा हामीसँग सम्पर्क गर्न ईमेल प्रयोग गर्न सक्नेछ। ईमेल संचारको सुरक्षित माध्यम नहुन सक्छ। तसर्थ हामी ईमेलबाट गोपनीय व्यक्तिगत वा वित्तीय जानकारी नपठाउन सिफारिश गर्दछौं।

**वेवसाइटको स्वामीत्व**

बैंकको वेवसाइटमा राखिएका विषय, जानकारी तथा प्रस्तावहरू बैंकको स्वामीत्वमा रहनेछ र सोको कुनै अंशको अनधिकृत प्रयोग, पुर्नउत्पादन, संयोजन वा वितरणमा कडा प्रतिवन्ध लगाईन्छ।

**शर्तमा थपघट हेरफेर**

बैंकले उचित ठानेको तरिकाबाट सूचित गरी यी शर्तहरूमध्ये कुनै शर्त थप, परिमार्जन गर्न, हटाउन वा हेरफेर गर्ने अधिकार बैंकलाई हुनेछ।
यी शर्तहरूलाई नियमित रुपमा दृष्टिगत गर्न ग्राहक मन्जुर गर्दछ र त्यस्ता थप, परिमार्जन, हटाई वा हेरफेर पछि ग्राहकले आईबिएससम्म पहुँच र सोको प्रयोगलाई निरन्तरता दिएमा त्यस्ता विषय प्रभावकारी भई शर्तमा गरिएको हेरफेर ग्राहकले स्वीकारेको मानिनेछ।

**कानून र क्षेत्राधिकार**

यी शर्तहरू प्रचलित नेपाल कानूनद्वारा प्रशासित हुनेछ र सबै विवादहरू नेपालका अदालतद्वारा निरोपण गरिनेछ।

____________________

Authorized SIgnature :
Name of Customer :
Account Number :
Account Type :
Date :

____________________

आधिकारिक हस्ताक्षरः
ग्राहकको नामः
खाता नं.:
खाताः
मितिः